६८/०६७/६८
च.नं. १५९

२०६७/९/१८

विषयः <u>जगेडाकोष संचालन कार्यविधि, २०६६ मा संशोधन सम्बन्धमा</u> ।

श्री महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका कार्यालय
सवै ।

स्थानीय विकास शुल्ककोष संचालक समितिको मिति २०६७।९।७ मा बसेको बैठकले जगेडाकोष संचालन कार्यविधि, २०६६ मा संशोधन गरेकोले संशोधन भएको व्यहोराको प्रति जानकारी एवं आवश्यक कार्यार्थ यसैसाथ संलग्न राखी पठाइएको छ । संशोधित कार्यविधि अनुसार रकमको कूल सीमा बृद्धि गरी १ करोड ५० लाखवाट रु २ करोड पुऱ्याइएको र एउटा योजना कम्तिमा रु ३० लाख भन्दा घटी नहुने गरी जम्मा योजना संख्या बढीमा ६ वटा सम्म हुन सक्ने व्यवस्था भएकोले कार्यविधिको परिधि भित्र रही थप योजना यथासिघ्र माग गर्नु हुन समेत निर्देशानुसार अनुरोध छ ।

पुनश्चः जगेडाकोष योजनाको रकम गत आ.व. देखि नै प्रत्येक आ.व.को अन्तमा फ्रिज हुने व्यवस्था भएको व्यहोरा पनि स्मरणको लागि अनुरोध छ ।

...................
(चक्रपाणि शर्मा)
*शाखा अधिकृत*

क्रमश...

# जगेडाकोष संचालन (प्रथम संशोधन) कार्यविधि, २०६७

जगेडाकोष संचालन कार्याविधि, २०६६ लाई संशोधन गर्न वान्छनिय भएकोले स्थानीय विकास शुल्ककोष संचालक समितिले देहायको कार्यविधि बनाएको छ ।

**१.संक्षिप्त नाम तथा प्रारम्भः-** (१) यो कार्यविधिको नाम "जगेडाकोष संचालन (प्रथम संशोधन) कार्यविधि, २०६७" रहेको छ ।

(२) यो कार्यविधि संचालक समितिवाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

**२. जगेडाकोष संचालन कार्याविधि, २०६६ को दफा ५ मा संशोधनः-** जगेडाकोष संचालन कार्याविधि, २०६६ (यसपछि "मूल कार्यविधि" भनिएको) दफा ५ को उपदफा ५.१ (क) को देहायको क्रमसंख्या १ पछि १(अ), १(आ) र क्र.सं. ११ पछि क्रमसंख्या १२, दफा ५ को खण्ड (ख) को देहायको क्र. सं. १२ पछि क्र.सं १३ र १४ तथा उपदफा ५.१ को खण्ड (ग) पछि देहायको उपदफा ५.१ खण्ड (घ) र उपदफा ५.१ खण्ड (ङ) थप गरिएको ।

(१) ५.१ (क) ल्याण्डफिल्ड साइटको जग्गा खरिद तथा फोहोरमैला न्यूनिकरणको लागि देहाय बमोजिम लागत सहभागिताको व्यवस्था गर्नु पर्नेछ ।

१(अ) ल्याण्डफिल्ड साइटको लागि जग्गा खरिद कार्यक्रमको लागि लागत सहभागिता २०%

१(आ) पूर्वाधार विकासको ठोस कार्ययोजना सहित फोहोर मैला न्यूनिकरण कार्यक्रमको लागत सहभागिता २०%

५.१ (क) १२ दमकल खरिदको लागत सहभागिता १०%

(२) ५.१ (ख) ११ मा रहेको "ग्राभेल" शव्द झिकिएको छ

(३) ५.१ (ख) १३ नगरपालिका कार्यालय भवन निर्माण कार्यक्रमका लागि ३०%

(४) ५.१ (ख) १४ पशुबधशाला निर्माणका लागि ३०%

(५) ५.१ (घ) स्थानीय विकास शुल्क कोष संचालक समितिले निर्णय गरी दातृ निकायहरुको सहयोग र साझेदारीमा संचालित कार्यक्रमको लागि समपुरक रकम उपलब्ध गराउन सक्नेछ । यस्तो समपुरक रकम उपलब्ध गराउदा दफा ५.१ बमोजिमको लागत सहभागिता अनिवार्य हुनु पर्नेछ । साथै यो रकम समेत जगेडाकोष कार्यक्रममा नगरपालिकाले पाउने कूल रकम दफा ९ को सीमा भित्र रहनु पर्छ ।

(६) ५.१(ङ) सार्वजनिक निजी साझेदारीमा संचालन हुने कार्यक्रमलाई यस कार्यविधि बमोजिम रकम उपलब्ध गराउन सकिनेछ । निजि क्षेत्र तथा नगरपालिकाको सहभागिताको अंश स्थानीय विकास शुल्क कोष संचालक समितिले तोके बमोजिम हुनेछ । तर निजी क्षेत्रको सहभागिता दफा ५.१ (क), (ख), (ग) मा उल्लेख भए भन्दा कम हुने गरी तोक्न सकिने छैन । यो रकम समेत जगेडाकोष कार्यक्रममा नगरपालिकाले पाउने कूल रकम दफा ९ को सीमा भित्र रहनु पर्छ ।

**३. मूल कार्याविधिको दफा ६ मा संशोधनः-** मूल कार्यविधिको दफा ६ मा रहेको "अनुरोध गरी पठाउनु पर्नेछ" भन्ने वाक्यांशमा रहेको "अनुरोध" शव्दको सट्टा "प्रस्ताव" शव्द राख्ने र "प्रस्ताव गरी पठाउनु पर्नेछ" भन्ने वाक्यांश पछि "यस्तो अनुरोध प्रत्येक आ.ब. को लागि सोहि आ.ब. को चैत्र मसान्त भित्र मन्त्रालयमा प्राप्त भइ सक्ने गरी पठाइसकेको हुनु पर्छ र यस्ता अनुरोधहरु समावेश गरी स्थानीय विकास शुल्क कोष संचालक समितिले बैशाख १५ गते भित्र निर्णय गरी सक्ने छ " भन्ने वाक्यांश थप गरिएको छ ।

**४ मूल कार्याविधिको दफा ९ मा संशोधनः-** मूल कार्यविधिको उपदफा ९.१ मा रहेको "१ करोड ५० लाख" को सट्टा "२ करोड" भन्ने वाक्यांश राख्ने र "बढिमा ५ वटा सम्म आयोजना" भन्ने वाक्यांशको सट्टा "बढीमा ६ वटा सम्म आयोजना" कायम हुने भन्ने वाक्यांश राखिएको छ ।

**५ मूल कार्याविधिको दफा १० मा संशोधनः-** मूल कार्यविधिको उपदफा १०.५ मा रहेको "बैशाख मसान्त" भन्ने वाक्याशंको सट्टा "बैशाख १५ गते" भन्ने वाक्यांश राखिएको छ ।

**६ मूल कार्याविधिको दफा १२ मा संशोधनः-** मूल कार्यविधिको उपदफा १२ मा रहेको "सम्पन्न गरि सक्नुपर्नेछ" वाक्याशं पछि "सम्पन्न भएका योजनाहरुको अन्तिम किस्ता रकम सोही आ.व.को आषाढ महिनाको १५ गते भित्र मन्त्रालयमा अनुरोध प्राप्त भईसक्ने गरी माग गरिसकेको हुनुपर्नेछ ।" भन्ने वाक्याशं थप गरिएको छ ।